पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : ०७८/०७९
च.नं. :

मिति : २०७८/१०/०९

विषय : **कोभिड-१९ प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी प्रयोजनका लागि आवेदन दिने बारे अत्यन्त जरुरी सूचना ।**

नेपाल सरकारबाट स्वीकृत 'कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८' अनुसार यस पञ्चदेवल विनायक नगरपालिकामा कोभिड-१९ को प्रभावबाट रोजगारी र आयआर्जनको अवसर गुमाएका अनौपचारिक तथा असंगठित क्षेत्रमा रहेका अतिविपन्न परिवारबाट लाभग्राही छनोट गरी राहतस्वरुप एक पटकका लागि प्रति परिवार नगद रु १० हजारका दरले नगद अनुदान हस्तान्तरण गर्ने सम्बन्धमा यस नगर कार्यपालिकाको मिति २०७८/१०/०३ को बैठकबाट निर्णय भएबमोजिम तोकिएको मापदण्ड पुगेका व्यक्ति तथा परिवारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक आफ्नो वडा कार्यालयमा आवेदन दिइसक्नु हुन सूचित गरिन्छ ।

लक्ष्मीकान्त बजगाई
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल :-

**१) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :**

क. विगतमा गर्दै आएको रोजगारी पूर्णरुपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असंगठित क्षेत्रको मजदुर वा कामदार,

ख. खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अतिविपन्न व्यवसायी,

ग. दैनिक ज्याला मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,

घ. कोभिड-१९ संक्रमणको कारण एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक संकट झेल्नुपरेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार ।

**२) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :**

क. निवेदन दिँदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै संघसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेको,

ख. परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तिभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,

ग. सञ्चित आय वा पैतृक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,

घ. प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रमबमोजिम यस प्रयोजनका लागि एकपटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

फोन : ०९७-५००००३ E-mail : panchadevalbinayak@gmail.com
Website : www.panchadewalbinayakmun.gov.np